कार्यपालिका बैठक मिति : २०८३।०२।१३ गते।

कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्वीकृत मिति : २०८३।०२।१० गते।

मिति २०८३।०२।१३ गतेको कार्यपालिका बैठकका प्रस्तावहरू

१. निर्णय समिक्षा सम्बन्धमा।
२. स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको प्रतिवेदन सम्बन्धमा।
३. आ व २०८३।८४ को नीति तथा कार्यक्रम र बजेट तर्जुमा मार्गदर्शन सम्बन्धमा।
४. आ व २०८३।८४ को राजस्वको स्रोत, दायरा र दर सम्बन्धमा।
५. कार्य सञ्चालन विधिहरू स्विकृत गर्ने।
६. चुमनुब्री गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८३ सम्बन्धमा।
७. भूमिहीन दलित, भूमिहनी सुकुम्बासी तथा अव्यवस्थित बसोबासी सम्बन्धमा।
८. बजेट संशोधन तथा रकमान्तर सम्बन्धमा।
९. गण्डकी प्रदेश सरकारमा योजना माग गर्ने सम्बन्धमा।
१०. ढुँगा, गिटि तथा बालुवा संकलन सम्बन्धमा।
११. श्याग्या परम्परा गिनिज बुक अफ वल्ड रेकर्डमा कायम गर्ने सम्बन्धमा।

**माथि उल्लेखित प्रस्तावहरू छलफल गरी सर्वसम्मतले तपसिलका निर्णयहरू गरियो।**

१. चुमनुब्री गाउँपालिका कार्यपालिका बैठकले आ व २०८२।८३ मा गरेका निर्णय समिक्षा गर्दै कार्यान्वयन गर्ने।

२. चुमनुब्री गाउँपालिकामा आ व २०८३।८४ मा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त वित्तिय हस्तान्तरण तथा अन्य आय सहितको कुल आय प्रक्षेपण रू ५०,२०,३७,८४०.००(अक्षरेपी पचास करोड बीस लाख सैत्तिस हजार आठ सय चालसि रूपैंया मात्र) हुने,सोही अनुसार क्षेत्र तथा उपक्षेत्र र शाखा एवं वडागत बजेट सीमा निर्धारण प्रतिवेदन स्विकृत गर्ने।

३. चुमनुब्री गाउँपालिकाको आ व २०८३।८४ को नीति तथा कार्यक्रम एवं बजेट तर्जुमा कार्यमा आम जनसहभागिता अभिवृद्धि गर्दै सबै क्षेत्रको सन्तुलित विकास गर्दै माग तथा आवश्यकताका आधारमा योजना तथा कार्यक्रम छनौट हुने सुनिश्चितता गर्दै बजेट तथा कार्यक्रम तर्जुमा तथा कार्यान्वयनलाई पारदर्शी तथा पूर्वानुमानयोग्य बनाई सार्वजनिक स्रोतको मितव्ययी एवं प्रभावकारी रूपमा उपयोग गर्न तथा वडागत रूपमा क्षेत्रगत सन्तुलित विकास हुने गरि योजना माग गर्ने प्रयोजनका लागि तपसिल बमोजिमको मार्गदर्शन स्विकृत गर्ने।

**तपसिल**

- **आर्थिक विकास : कुल बजेटको २० प्रतिशत** योजना तथा कार्यक्रम समावेश गरी माग गर्ने: जस्तै : कृषि तथा पशुपालन प्रवर्द्धन, रोजगरी सिर्जना, घरेलु उद्योग प्रवर्द्धन, पर्यटन विकास

चुमनुब्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिर्दिबास, गोरखा
गण्डकी प्रदेश, नेपाल

निमा लामा
अध्यक्ष

सम्बन्धी, स्थानीय उत्पादन बजारीकरण तथा प्रवर्द्धन, कृषि सिँचाई, वातावरण संरक्षण तथा वृक्षारोपण सम्बन्धी ।

- **पूर्वाधार विकास : कुल बजेटको ५० प्रतिशत** योजना तथा कार्यक्रम समावेश गरी माग गर्ने : जस्तै सडक र बाटो, झोलुंगे पुल, सिँचाई, खानेपानी, बजार तथा व्यापारजन्य पूर्वाधार, सोलार बत्ती, पर्यटन पूर्वाधार अन्तर्गत पदमार्ग निर्माण तथा स्तरोन्नती, विश्रामस्थल, सँस्कृति संरक्षणका कार्य गुम्बा, मानी, छोर्तेन, चर्च, सूचना तथा प्रविधि पूर्वाधारमा डिजिटल सूचना केन्द्र, ईगभर्नेन्सका लागि IT संरचना तथा उपकरण, फोहोर तथा ढल व्यवस्थापन सम्बन्धी ।
- **सामाजिक विकास : कुल बजेटको २० प्रतिशत** योजना तथा कार्यक्रम समावेश गरी माग गर्ने, जस्तै स्वास्थ्य क्षेत्र सम्बन्धी कार्यहरू स्वास्थ्य चौकी भवन निर्माण तथा मर्मत,ल्याब तथा फर्निचर व्यवस्थापन, स्वास्थ्य उपकरण खरिद, शिक्षा तथा विद्यालय सुदृढिकरणका कार्यहरू, छात्रवृत्ती तथा शैक्षिक सामाग्री, फर्निचर तथा डिजिटल सामाग्री, सीप विकास तालिम, विपद राहतका सामाग्री, स्थानीय कला सँस्कृति संरक्षण सम्बन्धी ।
- **लक्षित समुह : कुल बजेटको १० प्रतिशत** योजना तथा कार्यक्रम समावेश गरी माग गर्ने, विपन्न, अशक्त, एकल महिला लक्षित सीप/रोजगार प्रवर्द्धनका कार्यक्रम, अपांगता भएका व्यक्तिको संरक्षण सम्बन्धी कार्यहरू, आमा समुह/युवा समुह लक्षित कार्यक्रम ।

क. वडागत रूपमा योजना माग गर्दा अनिवार्य योजना छनौट भेला गराई भेलाको निर्णय, वडा समितिले प्रथामिकताक्रम छुट्टाई वडा समितिको निर्णय सहित योजना माग गर्ने ।

ख. विगतमा योजना माग गर्दा योजनाको लागत अनुमान अन्दाजको भरमा राखी माग गर्ने प्रचलन रहेकोमा आ व २०८३।८४ मा योजना माग गर्दा वडा प्राविधिकबाट माग गर्ने योजनाको लागत अनुमान तयार गर्न लगाई वस्तुनिष्ठ लागत अनुमान राखी बजेट खुलाई योजना माग गर्ने ।

ग. आ व २०८३।८४ मा २० लाख भन्दा माथिका सबै योजना तथा प्राविधिक दक्षता आवश्यकता पर्ने सबै योजना बोलपत्र खरिद बिक्री / शिलबन्दी दरभाउपत्र जस्ता प्रतिस्पर्धात्मक विधिबाट कार्यान्वयन गरिने भएकोले सोही बमोजिम समान प्रकारका टुक्रे योजनालाई प्याकेजिङ गरि कार्यान्वयन गर्ने नीति अबलम्बन गर्ने ।

घ. योजना माग गर्दा माग गरिएका योजनाहरू २०८४ वैशाख मसान्तभित्रै कार्यसम्पन्न हुने सुनिश्चितता गरी माग गर्ने ।

ङ. उपभोक्ता समितिका पदाधिकारीहरू छनौट गर्दा सार्वजनिक रूपमा भेला गराई समावेशिता कायम हुने गरी समिति गठन गर्ने र एकै व्यक्तिलाई एक भन्दा बढि समितिको पदाधिकारी पदमा समावेश नगराउने ।

च. कार्यान्वयन हुने प्रत्येक योजना तथा कार्यक्रमको अनिवार्य रूपमा सार्वजनिक परिक्षण तथा योजना सूचना पाटी राख्ने व्यवस्था मिलाउने ।

छ. योजना तथा कार्यक्रम माग गर्दा क्रियाकलापसँग मिल्दोजुल्दो नाम राखी माग गर्ने ।

धार्चे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिर्दिबास, गोरखा
गण्डकी प्रदेश, नेपाल

निमा लामा
अध्यक्ष

४. चुमनुब्री गाउँपालिकाको आ व २०८३।८४ को राजस्वको स्रोत, दायरा तथा दर समेटी कुल राजस्व रू १,७८,६०,०००.०० (अक्षरेपी एक करोड अठहत्तर लाख साठी हजार रूपैंया मात्र) संकलन हुने अनुमान सहितको राजस्व परामर्श समितिबाट स्विकृत भई पेश भएको प्रतिवेदन स्विकृत गर्ने ।

५. चुमनुब्री गाउँपालिका अन्तर्गत उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजनालाई व्यवस्थित बनाउन तथा सोझै खरिद सम्बन्धी कार्यलाई व्यवस्थित तथा प्रभावकारी बनाउन तपसिलका कार्यविधिहरू स्विकृत गर्ने ।

क. चुमनुब्री गाउँपालिकाको उपभोक्ता समितिमार्फत योजना तथा कार्यक्रम सञ्चालन सम्बन्धी कार्यसञ्चालन विधि, २०८३

ख. चुमनुब्री गाउँपालिकाको सोझै खरिद सम्बन्धी कार्यसञ्चालन विधि, २०८३

६. स्थानीय सञ्चित कोषको सञ्चालन तथा व्यवस्थापन, बजेट तर्जुमा, निकासा तथा खर्च, आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवेदन, आन्तरिक नियन्त्रण, लेखापरीक्षण तथा अन्य आर्थिक क्रियाकलापलाई नियमित र व्यवस्थित गरी स्थानीय वित्तीय व्यवस्थापन प्रणालीलाई पारदर्शी, नतिजामूलक तथा उत्तरदायी बनाउने सम्बन्धमा आवश्यक व्यवस्थापन गर्न वाञ्छनीय भएकोले चुमनुब्री गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८३ गाउँसभामा पेश गर्न स्विकृती प्रदान गर्ने ।

७. चुमनुब्री गाउँपालिका भित्र रहेका भूमिहीन दलित, भूमिहनी सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको विवरण विभिन्न निकायबाट माग भई आएकोमा यस गाउँपालिका अन्तर्गत वडा कार्यालयहरूबाट वितरण गरिएका निस्सा वितरणको तथ्याङ्क भूमि आयोगको सूचना प्रणालीमा रहे बमोजिम उपलब्ध गराउने ।

८. चुमनुब्री गाउँपालिकाका आ व २०८२।८३ का तपसिलका योजना संशोधन तथा रकमान्तर गर्ने ।

| सि नं | घटाउने कार्यक्रम | घटाउने रकम रू | बढाउने कार्यक्रम | बढाउने रकम रू | कायम हुने कुल बजेट | कै |
|---|---|---|---|---|---|---|
| १ | पर्यटन गुरुयोजना | १३.५० लाख | मनास्लु दिवस मनाउने कार्यक्रम | १३.५० लाख | ३८.५० लाख | रकमान्तर |
| २ | ल्हो गुम्बा किचेन निर्माण | १० लाख | ल्हो गुम्बा शौचालय तथा पर्खाल निर्माण | १० लाख | १० लाख | शिर्षकान्तर |

९. चुमनुब्री गाउँपालिका तर्फबाट आ व २०८३।८४ का लागि गण्डकी प्रदेश सरकारका विविध मन्त्रालयमा तपसिलका योजना तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक बजेट माग गर्ने ।

**वडा नं १ सामागाउँ**

१. साम्दो सामुदायिक भवन निर्माण १ करोड

२. नेजबु गुम्बा जाने बाटो निर्माण २० लाख

३. पुङ्गेन गुम्बा जाने बाटो निर्माण २० लाख

निमा लामा
अध्यक्ष

चुमनुब्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिर्दिबास, गोरखा
गण्डकी प्रदेश, नेपाल

४. मिलरेपा गुफा जाने बाटो निर्माण २० लाख

**वडा नं २ ल्हो**

१. लिहि भर्जम खानेपानी निर्माण योजना २० लाख
२. लिहि स्यो झोलुंगे पुल निर्माण १० करोड
३. ल्हो ढल व्यवस्थापन योजना ५० लाख
४. स्याला ढल व्यवस्थापन योजना ५० लाख
५. पुङ्चे हिनाङ ध्यान केन्द्र भवन निर्माण १ करोड

**वडा नं ३ सिर्दिवास**

१. छिहि देखि रूपीनाला जाने पदमार्ग निर्माण १ करोड
२. दुधपोखरी जाने पदमार्ग निर्माण योजना १ करोड
३. मिजुक डाँडा देखि गणेश हिमाल पदमार्ग निर्माण योजना १ करोड
४. फीलिम गाउँ सिचाई व्यवस्थापन ५० लाख
५. पाती गाउँ सिचाई व्यवस्थापन ५० लाख
६. फीलिम सामुदायिक भवन निर्माण योजना १ करोड
७. सिर्दिवास देखी फीलिम बुढिगण्डकी नदि नियन्त्रण योजना १ करोड
८. पाती गाउँ पिसिसि बाटो निर्माण ५० लाख
९. आगाँ सर्स्यु एक्लेभट्टी खानेपानी तथा ढल व्यवस्थापन योजना २० लाख

**वडा नं ४ प्रोक**

१. क्वाक खानेपानी निर्माण क्रमागत ५० लाख
२. कालताल परिकर्मा पदमार्ग तथा खानेपानी निर्माण १ करोड
३. लार्के बजार स्वास्थ्य चौकी भवन निर्माण १ करोड
४. प्रोक गाउँ पिसिसि बाटो निर्माण ५० लाख

**वडा नं ५ विहि**

१. साविक विहि गा वि स वडा नं ५ देखि ९ सम्म खानेपानी निर्माण योजना क्रमागत ७० लाख
२. क्रयाक छोईलिङ आँगन निर्माण ५० लाख
३. ड्याङ गाउँ नदि नियन्त्रण योजना ६० लाख

**वडा नं ६ चुम्चेत**

१. छिहि खानेपानी निर्माण १५ लाख
२. ताँजु खानेपानी निर्माण १५ लाख
३. भुम्दे चुम्चेत गाउँ ब्राकर पिसिसि बाटो निर्माण ५० लाख
४. सिप्चेत गुम्बा निर्माण योजना १ करोड

**वडा नं ७ छेकम्पार**

१. छेकम देखि निले खेतबारी घेराबार निर्माण योजना १ करोड
२. छेकम्पार खानेपानी निर्माण योजना योजना १.५ करोड
३. छेकम देखि निले मोटरबाटो स्तरोन्नती योजना १ करोड

चुमनुब्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिर्दिवास, गोरखा
गण्डकी प्रदेश, नेपाल

निमा लामा
अध्यक्ष

१०. चुमनुब्री गाउँपालिका भित्र सञ्चालित हुने सरकारी योजना तथा निर्माण सम्बन्धी कार्यका लागि आवश्यक पर्ने ढुँगा, गिट्टी तथा बालुवा सम्बन्धीत खोला तथा नदि किनारबाट मनास्लु संरक्षण क्षेत्र व्यवस्थापन समितिको अनुमती लिई गाउँपालिकामा दहत्तर बहत्तर शुल्क तिर्ने गरी ढुँगा, गिट्टी तथा बालुवा लागत अनुमान अनुसारको परिमाण मात्र संकलन गरि प्रयोग गर्न स्थानीयले अवरोध तथा रोकटोक नगर्ने सम्बन्धमा सार्वजनिक सूचना जारी गर्ने।

११. चुमनुब्री गाउँपालिकामा कायम रहेको अहिंसा प्रथा श्याग्या परम्परालाई प्रचारप्रसार तथा विश्वमा गाउँपालिकामा नाम चिनाउन गिनिज बुक अफ वल्ड रेकर्डमा नाम लेखाउनका लागि आवश्यक दस्तावेज तयारी गर्न आ व २०८२।८३ को वार्षिक स्विकृत कार्यक्रम पूँजीगत अनुसन्धान तथा परामर्श शिर्षकबाट रू ५ लाखको परामर्श सेवा खरिद गर्ने।

लिमा लामा
अध्यक्ष

चुमनुब्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिर्दिबास, गोरखा
गण्डकी प्रदेश, नेपाल